# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया



वित्तीय जानकारी इकाईले चैत १४ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सम्बन्धमा नियमनकारी तथा सुपरिवेक्षकीय निकायहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा इकाईले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर अधिकारीले सूचना प्रविधिको विस्तारसँगै वित्तीय अपराध बढेको उल्लेख गर्दै त्यसलाई सुक्ष्म निगरानी राखेर अघि बढ्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीतिको प्रभावकारी कार्यान्वयनको निम्ति वित्तीय क्षेत्रका नियामक र सरोकारवाला निकायबीच समन्वय हुनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो । यसबाट नेपालको पारस्परिक मूल्याङ्कनमा समेत अपेक्षित नतिजा प्राप्त हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले आफ्नो मातहतका निकायको संस्थागत सुशासन सुदृढ बनाउन बोर्ड केन्द्रित रहेको उल्लेख गर्दै सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको नियन्त्रणको निम्ति खेल्नुपर्ने भूमिकाप्रति बोर्ड संवेदनशील रहेको जानकारी दिनुभयो । बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा समितिले गरेका नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) का अध्यक्ष युद्धराज ओलीले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी व्यवस्थाबारे आफ्ना सदस्यहरूलाई जानकारी गराएको उल्लेख गर्दै नियामक निकायबीच समन्वय र सूचना आदानप्रदान प्रभावकारी हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले वित्तीय सेवाको विस्तारसँगै सम्पत्ति शुद्धीकरण निवारणमा चुनौती बढेको उल्लेख गर्दै नियामक र सुपरिवेक्षकीय निकायहरूबीच समन्वय र सहकार्य हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'नियामक तथा सुपरिवेक्षकको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी नेपालमा भएका अभ्यास, सीमाबाहिर र शङ्कास्पद कारोबारको रिपोर्टिङ प्रक्रिया, गो-एएमएलको परिचय र यसको कार्यान्वयन, राष्ट्रिय जोखिम मूल्याङ्कन-२०२० को विवरण, पारस्परिक मूल्याङ्कनलगायतका विषयबारे जानकारी दिनुभयो ।

कार्यक्रममा बैंकको नियमन र सुपरिवेक्षण विभाग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, धितोपत्र बोर्ड, बीमा समिति, सहकारी विभागलगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा वित्तीय जानकारी इकाईका निर्देशक दीर्घबहादुर रावलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक रोजी थापा मगरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।